# २१. श्री राजेश गौतम

*[संवत् २०४७ साल आश्विन ५ गतेका दिन आयोजित समारोहमा 'नेपालका प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा परिषद्को भूमिका' भन्ने ग्रन्को लागि प्रदान गरिएको संवत् २०४६ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री राजेश गौतमले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार । यो उद्गार 'नेपाली त्रैमासिक' अङ्क १२४ बाट उद्धृत गरिएको हो ।]*

अध्यक्ष महोदय, प्राज्ञिक विद्वान्हरू र उपस्थित महिला तथा सज्जन वृन्द !

२०४७ सालको सुरूवात मेरो लागि खुसीयाली युगको सुरुवात भएको छ- एकातिर देशमा परिवर्तन आई प्रजातान्त्रिक व्यवस्थाको पुर्नस्थापना हुनु, अर्कोतिर 'नेपालको प्रजातान्त्रिक आन्दोलनमा-नेपाल प्रजापरिषद्को भूमिका' नामक मेरो ग्रन्थले देशको प्रसिद्ध पुरस्कार मदन पुरस्कार प्राप्त गर्नु । मदन पुरस्कारको पुरस्कारे प्रक्रियालाई हेर्दा यसभन्दा अघि विज्ञान, भाषा, साहित्य र इतिहासका पुस्तकहरूमा मात्र सीमित भएको पुरस्कार पहिलोपल्ट एउटा राजनीतिक इतिहासको पुस्तकलाई प्रदान गरियो। यो निश्चित पनि गुठीको नौलो कदम मान्नुपर्दछ। यसप्रकार २०४६ सालको मदन पुरस्कार मेरो ग्रन्थको लागि प्रदान गर्नुभएकोमा म गुठीप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु भने २०४६ सालको 'जगदम्बा-श्री' पुरस्कारद्वारा सम्मानित श्री म-ह जोडी मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यज्यूलाई बधाई दिन चाहन्छु । भाषा र साहित्यको सम्मानार्थ यत्रो पुरस्कारको व्यवस्था गर्ने रानी जगदम्बाप्रति म श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

तर मदन पुरस्कार प्राप्त गर्न लेखक स्वयंले पुस्तक पेस गरी प्रतियोगितामा सामेल हुनुपर्ने गुठीको विद्यमान नियमप्रति म रत्तिभर पनि सहमत हुन सकेको छैन । यो नियम लेखकको स्वाभिमानलाई कुण्ठित गर्ने एउटा पुर्जाको रूपमा रहेको मैले ठानेको छु । किनभने यस प्रक्रियाले मेरोभन्दा राम्रो उत्तम र प्रतियोगितामा पेस नगरिएको कुनै ग्रन्थ यदि प्रकाशित भएको छ भने त्यस्तो प्रतिभाको यहाँ अवश्य अनादर हुन गएको मैले महसुस गरेको छु ।

एउटा राजनीतिक इतिहाससम्बन्धी पुस्तकले प्राप्त गरेको यो पुरस्कारका लागि गुठीको कदम अवश्यै नौलो मानिएको छ, परन्तु मदन पुरस्कार सधैंजसो यसपल्ट पनि विवादरहित हुन सकेन। यसलाई सकारात्मक अनुमोदन गर्नेहरू पनि देखिए, परिवर्तित स्थितिसँगै मदन पुरस्कार गुठीको धारणामा पनि परिवर्तन भयो भन्ने चर्चा पनि उठ्न गए। तर बदलिँदो परिस्थितिलाई ध्यानमा राखेर गरिएको पुरस्कारको चयन भन्नेहरूलाई नाजवाफ गर्ने क्षमता अहिले सायद गुठीसित छैन होला। किनभने अहिलेको बदलिँदो राजनीतिक परिवेशमा यो पुस्तकलाई पुरस्कृत गर्नु एउटा संयोग मात्रै पनि हुन सक्ला, तथापि गुठीलाई प्रजातान्त्रिक आन्दोलनको प्रभाव भनेर धेरैले गरेको चर्चा असत्य नै होला भन्ने ठाउँ पनि छैन। तर एउटा कुरा सत्य हो कि यसभन्दा अघि चलेको र मैले सुन्ने गरेको 'मदन पुरस्कार प्राप्त गर्न कमलमणिको नै चाकडी गर्नुपर्दछ' भन्ने हल्ला भने यसपल्ट पूर्णतया गलत सावित भएको मैले अनुभव गरें। किनभने यसभन्दा अगाडि न मैले व्यक्तिगत रूपबाट कमलमणिज्यूलाई चिनेको थिएँ, न कमलमणिज्यूले व्यक्तिगत रूपबाट मलाई चिन्नुभएको थियो। त्यसैले यतिखेर त्यस्ता हल्ला गर्नेहरूलाई गुठीले उचित जवाफ दिएको मैले ठानेको छु। अतः गुठीले पुरस्कार दिँदा बदलिँदो परिस्थितिलाई ध्यानमा राख्यो या पुस्तकलाई? यसबारे मेरो भन्नु केही पनि छैन। तर यसभन्दा अघिका परम्परालाई तोडेर गुठीले एउटा राजनीतिक इतिहासको पुस्तकलाई पुरस्कार दिने नयाँ परम्पराको थालनी गरेकोलाई प्रशंसा गर्नु नै पर्दछ भने त्यसै गरी मदन पुरस्कार गुठीले अब आफ्नो नियममा परिवर्तन गरी वर्षभरिमा प्रकाशित उपयुक्त पुस्तकहरू किनी छनौट गरी पुरस्कारको लागि चयन गर्नुपर्नेतर्फ ध्यान आकर्षित गर्ने कुरालाई अवश्य नै अन्यथा ठानिनेछैन। किनभने पुरस्कारले लेखकको स्वाभिमानलाई कुण्ठित हैन कदर गर्नुपर्छ।

२०१७ सालको राष्ट्रघाती कदमपछि राष्ट्रिय मूल्य र मान्यताका हर क्षेत्रमा विघटनको स्थिति सुरू भयो। यसको ठाडो प्रभावबाट बौद्धिकजगत पनि बच्न सकेन। यसो भनेर मैले आफ्नो आदर्शबाट किञ्चित् पनि विचलित नभई कलमबाट सत्यका फिल्का ओकल्ने स्वनामधन्य लेखक, साहित्यकार, विद्वान्‌हरूप्रति अनादर गर्न लागेको हैन। २०१७ सालपछिको पूर्ण स्तुतिगान र भाट परम्पराको उत्कर्षकाल पनि हो भनेर ठाडो दोष लगाउने आधारहरू नभएका पनि होइनन्। यसको तात्पर्य सबै बौद्धिक जगतले आत्मा बेच्यो भन्ने होइन, बौद्धिकताको नाममा दासता स्वीकार गर्ने एउटा दूषित परम्पराको थालनी कथित लेखकहरूले पक्कै स्वीकार्दै गए। त्यस अवधिमा स्वतन्त्रता र प्रजातन्त्रको यति विरोध भयो कि अन्ततोगत्वा नयाँ पुस्ताका कैयौंलाई पिँजडाभित्र बस्नु भनेकै स्वतन्त्रता त होइन भन्ने भ्रम पनि पर्न गयो।

शासकहरूको लागि राजनीतिक चेतना भनौं या आफ्नो अधिकार र दायित्वप्रति सचेत मान्ने सधैं दुश्मन हुन पुग्छ। यदि यदाकदा परिवर्तनकारी शक्ति लादी शासकहरूले साथ दिएको उदाहरण प्रस्तुत हुन आँउछ भने त्यो व्यक्तिगत वा पारिवारिक

स्वार्थभन्दा फरक जानै सक्दैन। यसै कोटीमा राजा त्रिभुवनलाई पनि राख्न सकिन्छ। २००७ सालको परिवर्तनको लागि त्यति महान् भइदिने राजा २०१० सालसम्म एउटा निरङ्कुश राजतन्त्रलाई हुर्काउने क्रममा दिलोज्यान दिएर लागेको लिखित दस्तावेजहरू इतिहासमा जिउँदै छन्। राजा त्रिभुवन निश्चित पनि क्रान्तिकारी थिए, तर प्रजातन्त्रवादी थिएनन्। नेपाल प्रजापरिषद्मा उनको संलग्नता राष्ट्र र प्रजातन्त्रको स्थापनाको लागि थिएन, व्यक्तिगत स्वार्थ मात्र पूरा गर्ने उद्देश्यले प्रेरित थियो भन्ने कुरा तिनै दस्तावेजहरूले पुष्टि गरेका छन्। यसरी २०१७ सालको बीजारोपण २००७ सालमा नै हुन गएको थियो भनेर प्रष्ट भन्न सकिन्छ।

नेपाल प्रजापरिषद्को इतिहास पनि यही राजनीतिक चेतना र परिवर्तनको कुरासँगै गाँसिएको छ। तथापि प्रजातन्त्रको स्थापनार्थ गरिएको १९९७ सालको त्यो उत्कर्ष र बलिदानलाई २००७ सम्म आइपुग्दा प्राप्त प्रजातन्त्रलाई यसकै शीर्षस्थ नेताहरूले पहिलोपल्ट बिरोध गरी स्वयंले धूलोमा मिलाउने काम पनि गरे। यस प्रसङ्गमा एउटा महत्त्वपूर्ण तथ्य के औंल्याउन सकिन्छ भने १९९३ मा राजनीतिक रूपले जन्मेका प्रजातन्त्रवादी टङ्कप्रसाद आचार्यको २००७ सालमा १५ वर्षको अल्पायुमा नै राजनीतिक मृत्यु भयो। यसले प्रजातान्त्रिक आन्दोलनलाई गतिमान गर्ने नेतृत्वको सामु एउटा दह्रो पाठ पढाएको छैन भनी भन्न सकिँदैन।

बुद्धिजीवीहरूले प्रशस्ति लेख्नै सक्दैनन् जो लेख्छन् ती लेखक बुद्धिजीवी पनि हुँदै होइनन्। सत्ता वा शासकहरूको गुणगान गाएर जीविका गर्ने हजारौं वर्षको लामो परम्परा छ, तर त्यहाँ पनि स्वाभिमान र चेतनाले नै विजय पाउँदै आएको तथ्य भुल्न सकिँदैन। यसको स्पष्ट प्रमाण वर्तमान जनआन्दोलनमा नेपाली बौद्धिक जगत्ले पूरा गरेको भूमिकाले दिन्छ र त्यो उल्लेखनीय छ। स्वतन्त्रताका हिमायती लेखक बुद्धिजीवीहरूको भूमिकाबाट प्रजातान्त्रिक आन्दोलनमा अऊ सशक्त गति थपिन गयो। यो उल्लेखनीय मात्र हैन अविस्मरणीय पनि छ। लेखक, बुद्धिजीवीहरूको आ-आफ्नो राजनैतिक आस्था र, प्रतिबद्धता भए पनि लेखक कवि कुनै राजनीतिक पार्टीसित सम्बन्धित भए भने पूर्वाग्रही हुने सम्भावना भएकाले बौद्धिक जगत् यसबाट स्वतन्त्र बस्नुपर्दछ। यसले एकातिर बौद्धिक जगतको महत्त्व बढाउँदछ भने अर्कोतिर भर्खर बामे सर्न लागेको प्रजातन्त्रलाई बढी बल पनि पुऱ्याउन सकिन्छ भन्ने मेरो धारणा छ।

अन्तमा फेरि एकपल्ट स्वर्गीय मदनशमशेर ज. ब. रा. र रानी जगदम्बाप्रति पुनः एकपल्ट श्रद्धाञ्जली अर्पण गर्दै मदन पुरस्कार गुठीप्रति आभार व्यक्त गर्दै दिनपरदिन उन्नति हुँदै जाओस् र नेपाली भाषा र साहित्यको सेवा गर्ने उद्देश्यले प्रेरित 'गुठी' आफ्नो उदेश्यमा सफल होस् भन्ने कामना गर्दछु। साथसाथै यस विद्वत्वर्गमा विजया दशमीको शुभ-कामना व्यक्त गर्दछु।

⊠ ⊠ ⊠